# रसुवा-भोटेकोशी लेदोसहितको बाढी: खोज, उद्धार तथा राहत प्रतिकार्य

## स्थिति प्रतिवेदन # २६

मिति : २०८३ भदौ ३१ गते, साँझ ७:०० बजेसम्म

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित अवस्थाको खोज, उद्धार तथा राहत व्यवस्थापनका क्रममा भएका प्रतिकार्यहरू समेटिएका छन्।

## मुख्य विवरण



- रसुवा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले जिल्लास्तरीय प्रतिकार्य कार्ययोजना स्वीकृत गरेको छ। उक्त कार्ययोजनाले पहुँच तथा अत्यावश्यक सेवाहरूको पुनःस्थापना, अस्थायी आवास र राहतको व्यवस्थापन, प्रभावित व्यक्तिहरूको संरक्षण एवं पुनर्स्थापनामा सहयोग पुऱ्याउनका लागि निकायगत जिम्मेवारी र समय-सीमा निर्धारण गरेको छ।
- भोटेकोशी बाढी प्रभावितका लागि बसोबास र जीविकोपार्जन अनुदान रकम वितरण प्रक्रिया, २०८३ स्वीकृत भई प्रभावित जिल्ला र स्थानीय तहमा पठाइएको।
- विभिन्न १९ वटा स्वास्थ्य संस्थाहरूमा कुल ३४४ जना बिरामीको उपचार भएको, जसमध्ये २८९ जना डिस्चार्ज भएका छन्, १९ जना उपचाररत छन्, ३२ जनालाई अन्य अस्पतालमा रिफर (प्रेषण) गरिएको छ भने उपचारका क्रममा ४ जनाको मृत्यु भएको छ।
- चिलिमेमा सुरुङ खुलाउने (breakthrough) क्रममा ४ वटा मानव शव (१ वटा मानव अवशेष/अङ्गसहित) फेला परेका छन्। माथिल्लो त्रिशुली-१ को एडिट ३ (Adit 3) बाट प्रवेश गरी सुरुङको करिब १,२०० मिटरभित्र ५ वटा शवहरूको स्थिति पत्ता लागेको छ। तारमा अड्किएका शवहरू निकाल्नका लागि उपकरणहरू ल्याउने कार्य भइरहेको छ।
- पृथ्वी राजमार्गको मुग्लिङ–मलेखु खण्डअन्तर्गत कृष्णभीरमा कटान (toe cutting) भई अवरुद्ध सडकमा पहाडतर्फ २५० मिटर नयाँ ट्र्याक खोली ग्राभेलिङ गर्ने कार्य अन्तिम चरणमा पुगेको र असोज १ गते बिहान ०६:०० बजेदेखि यातायात पुनः सञ्चालन गर्ने गरी तयारी भइरहेको छ।
- बजार आपूर्ति प्रणाली पुनःस्थापनामा सहयोग पुऱ्याउन निजी आपूर्तिकर्ताहरूले नुवाकोटमा करिब ३,००० थान र रसुवामा १३४ थान खाना पकाउने ग्यास सिलिन्डर ढुवानी गरेका छन्।
- धादिङ, नुवाकोट र रसुवाका ३,५८४ घरधुरीका १५,६६२ जनालाई १५ दिनका लागि पर्याप्त हुने खाद्यान्न सहायता पुऱ्याइएको छ। सडक पहुँच नभएका समुदायहरूमा हेलिकप्टरमार्फत खाद्यान्न ढुवानी गर्ने कार्य निरन्तर जारी छ।
- प्रभावित बालबालिकाहरूको शिक्षालाई निरन्तरता दिनका लागि स्थापना गरिएका अस्थायी शिक्षण केन्द्र वा कक्षाकोठाहरूको सङ्ख्या २० बाट बढेर २९ पुगेको छ।
- रसुवा जिल्लाबाट प्राप्त विवरण अनुसार विभिन्न ९ वटा होल्डिङ सेन्टरमा ८१७ जना, नुवाकोट जिल्लाका १८ वटा होल्डिङ सेन्टरमा १,१८५ जना र धादिङ जिल्लाका २ वटा होल्डिङ सेन्टरमा १४ जना प्रभावितहरूले आश्रय लिइरहेका छन्। कुल २९ वटा होल्डिङ सेन्टरमा २,०१६ जना प्रभावितहरू आश्रय लिइरहेका छन्।
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा रहेको Situation Room बाट प्रत्येक स्थानीय तह/वडासँग सिधै सम्पर्क गरी प्रत्येक दिन पालिकागत 'रिपोर्ट कार्ड' (अवस्था र आवश्यकता समेटिएको) तयार गर्ने गरिएको छ।
- मनसुन प्रतिकार्य कमाण्ड पोस्टको दैनिक बैठकहरू तथा परिचालन टोली (Mobilization Team) र सरकारी क्लस्टर प्रमुखहरूसँगको ब्रिफिङ बैठकहरूमा प्रगति, सञ्चालनगत चुनौतीहरू र आवश्यक कदमहरूबारे समीक्षा हुने गरेको छ।

## खोज तथा उद्धार

### विभिन्न जलविद्युत आयोजनामा भइरहेको खोज तथा उद्धार कार्य

| आयोजना | गरिएका कार्य |
|---|---|
| रसुवागढी (१२० मे.वा.) | • खोज तथा उद्धार कार्यलाई निरन्तरता दिनको लागि Heavy equipment को आवश्यकता रहेकोमा भौगोलिक अवस्थाको कारण ढुवानी गर्न कठिनाई भएको।<br>• खोज तथा उद्धार कार्य निरन्तर भइरहेको। |
| लाङ्टाङ् (२० मे.वा.) | • नेपाली सेना र चिनियाँ DART Team संयुक्त टोलीले आयोजनाको टनेलभित्र करिब १७० मिटरसम्म प्रवेश गरी Thermal Drone मार्फत खोजतलास गर्दा केही फेला नपरेको।<br>• टनेलभित्र Manually करिब १७० मिटरसम्म प्रवेश गरी खोजतलास गरेको ३० मिटर बांकी रहेको (केही फेला नपरेको)।<br>• आयोजना प्रतिनिधीहरु सहित खोज तथा उद्वार कार्य निरन्तर रुपमा भइरहेको। |
| चिलिमे (२२ मे.वा.) | • टनेलको लम्बाई २५० मिटरमा १५० मिटर सर्चको कार्य भएको (उक्त 150 मिटरमा  ८० मिटर Debris पुरै फालेको)।<br>• नेपाली सेना, भारतीय सेना (NDRF सहित) र आयोजनाका प्रतिनिधिहरुको संयुक्त टोलीले खोजी कार्य गरेको।<br>• ग्रुप विभाजन गरी उक्त आयोजनामा रातभर काम गरेको।<br>• सशस्त्र प्रहरी बल नेपालले तुईनबाट Relief Items ओसारपसार र टनेलमा खोजी कार्य गरेको।<br>• टनेलभित्र वाटर पम्पबाट पानी फाल्ने कार्य गरिरहेको।<br>• पानीको सहत नघटेसम्म अगाडि बढ्न कठिनाई रहेको हुँदा Debris हटाउने तथा पानी फाल्ने कार्य भइरहेको।<br>• आवश्यक Scuba Equipment सहित नेपाली सेना परिचालन भएको।<br>• टनेल ब्रेकथ्रु गरी गोताखोर सहितको टोलीले टनेलको अन्तिम किनारासम्म खोजी गर्दा 4 वटा शव (१ अङ्ग मात्र) फेला परेको। |
| माथिल्लो त्रिशुली-१ (२१६ मे.वा.) | • माथिल्लो त्रिशुली Audit3 मा Thermal Drone सहित खोज तथा उद्धार कार्य गरेको।<br>• माथिल्लो त्रिशुली Audit1 बन्द भएको हुंदा Audit 3 बाट भित्र छिरी Audit1 सम्म जाने टनेलको 1200 मिटर टनेलभित्र लेदो सोर्ने र पानीको लेदो बगाउने क्रममा तारमा अड्किएको ५ वटा शव फेला परेको उक्त शव निकाल्नको लागि ग्यास वयल्डिङ्ग कटर लैजाने क्रममा रहेको।<br>• खोज तथा उद्वार कार्य निरन्तर रुपमा भइरहेको।<br>• 4 जनाको SAR टिम १४४५ बजे Audit3 मा पुगेको। |
| त्रिशुली ३ ए (६० मे.वा.) | • नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र आयोजनाका प्रतिनिधिहरुको संयुक्त टोलीले टनेल र पावर हाउस इलाकामा खोजतलास गरिरहेको।<br>• अविरल वर्षाको कारण टनेल वरिपरिबाट माटो बगेर टनेलको मुख बन्द भएको हुँदा Manually खोल्ने कार्य गरिरहेको।<br>• सुरक्षा फौज र आयोजनाका प्रतिनिधिहरुको संयुक्त टोलीले टनेल र पावर हाउस इलाकामा खोजतलास गरिरहेको। |
| त्रिशुली ३ बी (३७ मे.वा.) | • नदीको सतहभन्दा करिब २ मिटर गहिराईसम्म निरन्तर रुपमा उत्खनन गर्दा आयोजनाको कार्यालय भवनको जग फेला परेको तर आवास इलाका (A1, A2, B1, B2 र D भवन) को कुनैपनि संरचना फेला नपरेको।<br>• टनेलको Inlet मा पानी बगिरहेको, Audit1 476 मिटर र  Audit 2  २.७ कि.मि. Clear भएको।<br>• आयोजनाको आवास ईलाकामा उत्खनन कार्य गरेकोमा २ आवास भवनको प्लिन्थ क्षेत्रबाहेक अन्य संरचना फेला नपरेको।<br>• आयोजनाको पावर हाउस भएको स्थानमा उत्खनन गर्दा ४ वटा पिल्लर (Tower Crane Pillar) को भाग फेला परेको।<br>• खोज तथा उद्धार कार्यलाई निरन्तरता दिदै उक्त आयोजनाको पावर हाउस भएको स्थानमा उत्खनन्को कार्य गरिरहेको। |

- हवाई माध्यमबाट कुल ४,१७५ जनाको उद्धार गरिएको छ, जसमा ३,८९२ जना नेपाली नागरिक र २८३ जना विदेशी नागरिक रहेका छन्।
- उद्धार कार्य तथा राहत सामग्री ढुवानीका लागि कुल १,६९४ पटक (sorties) हेलिकप्टर उडान गरिएका छन्।


# रसुवा बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट २०८३

मिति : २०८३ भदौ ३१ गते, साँझ ०७:०० बजेसम्म

यो तथ्यांक जिल्ला प्रशासन कार्यालय तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो।

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं

## मानवीय क्षति *(मृत्यु संख्या विभिन्न मानव अङ्ग सहित)*




**कुल मृत्यु १,४०३**

**उपचार ३४४** | **डिस्चार्ज २८९**

*विभिन्न १९ वटा अस्पतालमा*

- विभिन्न सुरक्षा निकायबाट भएको उपचार: **९,७००**

*नेपाली सेना*

**हवाई उडान**

**१,६०३** *आज ४२ उडान*

**३२०** सशस्त्र प्रहरी बल, नेपालद्वारा भएका उडान


**कुल उद्धार १३,७४२**

**डिएनए नमूना संकलन**

**१,२८६** मृतक | **१,८८९** आफन्त

**शवहरूको विवरण** | **३३६** महिला | **५४४** पुरुष | **५२३** आंशिक अंग

## बेपत्ता




**कुल बेपत्ता ६,१५०**

**हालसम्म सनाखत भएका शवको संख्या १०५ घटाइएको*

**२९ होल्डिङ सेन्टर**

**हाल होल्डिङ सेन्टरमा रहेका**

**नुवाकोट** : १,१८५
**रसुवा** : ८१७
**धादिङ** : ९४

## इन्धन मौज्दात *(लिटरमा)*

डिजल **५९ हजार**

पेट्रोल **१५ हजार**

हवाई इन्धन **६ हजार**

**हालसम्म ५०२ ग्याँस सिलिन्डर पठाइएको।*

## राहत सामग्री वितरण

- सडक र हवाइमार्गमार्फत खाद्य र गैरखाद्य सामग्री प्रभावित जिल्लामा निरन्तर पठाइएको। सोको विस्तृत विवरण प्राधिकरणको सेतु एपमा राखिएको छ ।
- राहत सामग्री व्यवस्थापनमा सरकारी/गैरसरकारी/निजी/विकास साझेदार तथा नागरिक समाज लगायतको निरन्तर सहयोग रहेको।

## पुल

- नुवाकोटको देवीघाटमा एक्रो ब्रिज जडान गरी सञ्चालनमा आएको ।

*सम्पर्कविहीनको उल्लिखित संख्यामा पहिचान नभएका शवहरू एवम् उद्धार गरिएका व्यक्तिहरू पनि समावेश भएको हुनसक्ने। उक्त तथ्यांक रुजु गर्ने कार्य भइरहेको छ।*

## नेपाल सरकारबाट थप नगद राहत

- होल्डिंग सेन्टरमा बस्न नचाहने परिवारलाई बैकल्पिक बसोबासको व्यवस्था नहुन्जेल बढीमा ६ महिनासम्म बसोबास र जिविकोपार्जनका लागि ४ जनासम्मको परिवारलाई प्रति परिवार मासिक **१५ हजार** र परिवारमा सो भन्दा बढी सदस्य भएमा प्रति सदस्य थप **२ हजार** प्रदान गरिने ।

***डिएनए परीक्षणका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा २ वटा फोटो र नाता प्रमाणितसहित नमूना दिन सकिने।***

- नेपाली सेनाको मेडिकल टोलीले परिचालन भएयता हालसम्म ३,८८९ जनाको उपचार गरेको छ।
- मृतकका शव तथा अवशेषहरूको उत्खनन, खोजी र व्यवस्थापनका लागि सहयोग कार्य निरन्तर जारी छ।

**भग्नावशेष हटाउने कार्यको लागी**

- देवीघाट: ३ वटा एक्स्क्याभेटर, ३ वटा ब्याकहो लोडर र ३ वटा ट्रिपरहरू परिचालन गरिएका छन्।
- ढुङ्गे: ३ वटा एक्स्क्याभेटर, २ वटा ब्याकहो लोडर र २ वटा ट्रिपरहरू परिचालन गरिएका छन्।
- त्रिशूली: १ वटा एक्स्क्याभेटर र १ वटा ट्रिपर परिचालन गरिएका छन्।
- गल्छी: २ वटा एक्स्क्याभेटर र १ वटा ट्रिपर परिचालन गरिएका छन्।

## सडक, पुल तथा यातायात क्षेत्र

### पृथ्वी राजमार्ग

- मुग्लिङ -मलेखु खण्ड: कृष्णभीरमा सडकको तल्लो भाग कटान (toe cutting) भएका कारण यातायात पूर्ण रूपमा अवरुद्ध रहेको छ। पहाडतर्फ (Hill side) उत्खनन (excavation) गरी नयाँ २५० मिटर ट्र्याक खोली ग्राभेलिङ गर्ने कार्य अन्तिम चरणमा पुगेको छ र असोज १ गते बिहान ०६:०० बजेदेखि यातायात सञ्चालन गर्ने गरी तयारी भइरहेको छ। साथै, फिसलिङ पुल हुँदै बेनीघाट पुल निस्कने वैकल्पिक मार्गको काम सुरु गर्न ठेक्का प्रक्रियमा रहेको छ। शितल बजारस्थित सडक एकतर्फी मात्र सञ्चालनमा रहेको छ।

### वैकल्पिक मार्ग तथा यातायात सञ्चालन

१. आबुखैरेनी → १२ किलो → मसानेठाँटी → खहरे → निवेल → ग्याम्पेशाल → आरुघाट → सल्यानटार → धादिङबेसी → परेवाटार → गजुरीटार → मासटार → काठमाडौँ

२. आबुखैरेनी → १२ किलो → मसानेठाँटी → खहरे → निवेल → ग्याम्पेशाल → आरुघाट → सल्यानटार → धादिङबेसी → सुनौलाबजार → कल्लेरी → मासटार → काठमाडौँ

३. आबुखैरेनी → १२ किलो → मसानेठाँटी → खहरे → निवेल → ग्याम्पेशाल → आरुघाट → बेनीघाट → काठमाडौँ ।

### त्रिभुवन राजमार्ग

- नागढुङ्गा र पातालेवन नजिक गएको पहिरोका कारण सडक अवरुद्ध भई एकतर्फी सञ्चालनमा रहेको। नागढुङ्गा सुरुङमार्गबाट यातायात सञ्चालन निरन्तर रहेको छ।

### गल्छी -देविघाट- ढुङ्गे- त्रिशुली खण्ड

- गल्छी - देविघाट खण्ड: सडक अवस्था सञ्चालनयोग्य/क्लियर रहेको छ। कोल्फु पुलमा साधारण मर्मत पश्चात एक लेनमा गाडी संचालन रहेको।

### विदुर - बेत्रावती खण्ड

- कूल १० किमिमध्ये ९.२ किमि सडक खुला (Clear) बाँकी ०.८ किमि पूर्ण रूपमा बगेकाले नयाँ ट्र्याक तयार गर्ने कार्य जारी। ०.५ किमि कडा चट्टान काटी सडक तयार गर्ने कार्य भइरहेको र ग्राभेल गर्ने कार्य भइरहेको छ। नयाँ र पुरानो ट्र्याकमा पहिरो तथा दलदलको समस्या कायमै। बेत्रावतीमा Bailey Bridge को लागी जग खन्ने कार्य भइरहेको।

### धादिङ र रसुवा जोड्ने वैकल्पिक मार्गहरू

- धादिङ जोड्ने मार्ग: धादिङबेसी -परेवाटार - नेपालटार - गजुरीटार - पिपलटार - आदमतार - वेलिनटार - केउरिनीटार हुँदै मासटार (धाम्लेट रेस्टुरेन्ट) पृथ्वी राजमार्ग जोड्ने सडक सञ्चालनमा आई सदरमुकाम सडक सञ्जालमा जोडिएको (सडक विभागबाट मर्मत जारी)।

- रसुवा जोड्ने मार्ग: त्रिशुली-बेत्रावती खण्ड क्षतिग्रस्त भएकाले ढिकुरे (मध्य पहाडी राजमार्ग) - फेदी बेसी चोक - हिरामुनिटार - चोगते - बोरे भञ्ज्याङ - सानो खोला (रसुवा) -धनस्वारा - भोर्ले - जिबजिबे -बोगटीटार (पासाङ ल्हामु राजमार्ग) सडक डिभिजनमार्फत मर्मत भइरहेको। यातायात संचालन भइरहेको छ।

|

### देविघाट पुलको विकल्प र त्रिशुली नदी पारिको खण्ड

- देविघाट पुलको विकल्प: पिपलटार (गल्छी त्रिशुली राजमार्ग) - पासाङ ल्हामु राजमार्ग - धमले - निरञ्जना - बाघखोर-हर्रे- देउराली - कोल्पुटार (गल्छी त्रिशुली राजमार्ग) सडक चालु अवस्थामा रहेको र मर्मत कार्य समेत जारी।
- त्रिशुली नदी पारिको खण्ड: नुवाकोटको त्रिशुली नदी पारिको भूभाग जोड्न गल्छी (गल्छी त्रिशुली राजमार्ग) - त्रिशुली पुल पारिबाट त्रिशुली नदीको दायाँ किनारतर्फ कल्लेरीटार - कोशीखोला - पिमलटार - दर्शनटार - छत्रेखोला -गौरीबेसी -त्रिशुली बजार चालु अवस्थामा रहेको र मर्मत भइरहेको।

### झोलुङ्गे पुल तथा तुइन (रोप क्रसिङ)

- देवीघाट, इन्द्रेणी चौर र स्याफ्रूबेँसीमा तुइन निर्माण कार्य सम्पन्न भएको छ। साथै, हाकुबेँसी र पहिरेबेँसीका अतिरिक्त दुई स्थानमा तुइन निर्माण कार्यलाई तीव्र रूपमा अघि बढाउन निर्देशन दिइएको छ।
- पाँचवटा झोलुङ्गे पुलको मर्मत कार्य भइरहेको छ भने अन्य १५ वटाको मर्मतका लागि तयारी अगाडि बढाइएको छ। असोज मसान्तभित्रै सबै २० वटा पुलको मर्मत कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ।
- भदौ २९ गते सम्पन्न पूर्वाधार समीक्षा बैठकमा तत्काल आवश्यक परेका नयाँ झोलुङ्गे पुलहरूको ढाँचा (डिजाइन) तयार पार्न तथा ठेक्का प्रक्रिया (टेन्डर) द्रुत गतिमा अघि बढाउन निर्देशन जारी गरिएको छ।

## शिक्षा क्षेत्र

- गल्छी र बेनीघाट रोराङमा १७ वटा र विदुरस्थित होल्डिङ सेन्टरहरूमा ३ वटा गरी कुल २9 वटा अस्थायी शिक्षण केन्द्र वा कक्षाकोठाहरू स्थापना गरिएका छन्।
- कुल १३ थान प्रारम्भिक बालविकास तथा शिक्षा किट, २७ थान शिक्षकका लागि प्रयोग हुने स्कुल किट, र १,०४३ थान विद्यार्थी शिक्षण किटहरू उपलब्ध गराइएका छन्।
- भग्नावशेष हटाई, सरसफाइ र कीटाणुशोधन (disinfection) गरिसकेपछि धादिङका ६ वटा विद्यालयहरू पुनः सञ्चालनमा आएका छन्। विदुर-८ स्थित भैरूम माध्यमिक विद्यालयका ९ वटा कक्षाकोठाहरूको पनि सरसफाइ र कीटाणुशोधन गरिएको छ।
- गल्छीस्थित 'सक्सेस एकेडेमी' का १५९ जना बालबालिकाहरूमा मनोसामाजिक परामर्श सेवा पुऱ्याइएको छ। द्रुत आवश्यकता आकलन (RDNA) समेटिएका ३१ वटा विद्यालयहरूका लागि मनोसामाजिक परामर्श टोलीहरू परिचालन गरिएका छन् र रसुवा तथा नुवाकोटका १६ वटा विद्यालयहरूमा फोकल (सम्पर्क) शिक्षकहरू तोकिएका छन्।
- अस्थायी शिक्षण केन्द्रहरूका लागि सीमित जग्गा/स्थान हुनु मुख्य चुनौतीको रूपमा रहेको छ। सुरक्षित स्थानहरूको पहिचान गर्नका लागि स्थानीय तहहरू र विद्यालयहरूलाई अनुरोध गरिएको छ।

## सञ्चार क्षेत्र

- नेपाल टेलिकमका १२० मध्ये ११७ वटा र एनसेलका ७८ मध्ये ७६ वटा बीटीएस (BTS) टावरहरू सञ्चालनमा रहेका छन्।
- नेपाल टेलिकमका टिमुरे, चिलिमे खोला र त्रिशुली ३बी स्थित साइटहरू अझै सुचारु हुन सकेका छैनन्। एनसेलको टिमुरे स्थित साइट पनि सुचारु हुन सकेको छैन भने उत्तरगया-१, तिरू स्थित साइट विद्युत समस्याका कारण प्रभावित छ। सम्भव भएसम्म नजिकैका सञ्चालनमा रहेका टावरहरूबाट सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।
- निम्न राहत शिविर तथा होल्डिङ सेन्टरहरूमा निःशुल्क वाइफाइ (Wi-Fi) इन्टरनेट सेवा उपलब्ध गराइएको छ:
  - भैरूम माध्यमिक विद्यालय, हात्तिगौडा, विदुर-८
  - चन्द्रज्योति माध्यमिक विद्यालय, पिपलटार, विदुर-५
  - त्रिशुली होल्डिङ सेन्टर
  - मुस्ताङ गुम्बा, स्वयम्भू

    - निलकण्ठ स्कुल होस्टेल, रसुवा
    - सुलक्षणा स्कुल होल्डिङ सेन्टर, विदुर-९
- नुवाकोट जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा विदुर नगरपालिकामा थप एक स्याटेलाइट इन्टरनेट टर्मिनल जडान भइरहेको छ। हाल ११ वटा टर्मिनलहरू सञ्चालनमा रहेका छन्: राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) मा १, नुवाकोटमा ६ र रसुवामा ४।
- दुर्गम तथा प्रभावित क्षेत्रहरूमा उपकरण एवम् इन्धन ढुवानीमा अझै जटिलता कायम रहेको छ।

## विद्युत पुनःस्थापना तथा इन्धन आपूर्ति

- धादिङ र नुवाकोट: बाढी प्रभावित बेत्रावती क्षेत्रका केही घरधुरी बाहेक दुवै जिल्लाभर विद्युत आपूर्ति पुनःस्थापना गरिएको छ। ती घरधुरीहरूमा विद्युत सुचारु गर्न रसुवातर्फबाट पोल गाड्ने कार्य भइरहेको छ।
- रसुवा: करिब ९० प्रतिशत घरधुरीमा विद्युत आपूर्ति पुनःस्थापना गरिएको छ। विद्युत पुनःस्थापना हुन धेरै समय लाग्ने स्थानहरूमा सोलार तथा अन्य वैकल्पिक ऊर्जा प्रणालीहरू वितरण भइरहेको छ।
- कार्यालय प्रयोजनका लागि सोलार प्रणाली जडान गर्न प्राविधिक विज्ञ पठाउन अनुरोध गरिएको छ। यात्राका लागि वित्तीय सहयोग आवश्यक रहेको छ।
- नुवाकोटमा हाल १९,००० लिटर पेट्रोल, ६४,००० लिटर डिजेल र ९,००० लिटर हवाई इन्धन मौज्दात रहेको छ।
- निजी आपूर्तिकर्ताहरूले नुवाकोटमा करिब ३,००० थान र रसुवामा १३४ थान खाना पकाउने ग्यास सिलिन्डर ढुवानी गरेका छन्।
- खाना पकाउने ग्यास सिलिन्डरको माग निरन्तर भइरहेको छ, तर राहतका रूपमा सिलिन्डर उपलब्ध गराउने हालको क्षमता माग धान्न अपर्याप्त छ।

## स्वास्थ्य क्षेत्र

- आपत्कालीन स्वास्थ्य सेवा: सशस्त्र प्रहरी बल (APF) अस्पतालका ५ वटा र इपिआइ (EPI) नर्सको १ टोलीसहित कुल ६ वटा आपत्कालीन स्वास्थ्य टोलीहरू क्षेत्रमा सक्रिय रहेका छन्। टोलीहरू परिचालन भएयता हालसम्म ७,८५३ जनाको उपचार गरिएको छ। काठमाडौँका होल्डिङ सेन्टरहरूका लागि एम्बुलेन्स स्ट्यान्डबाई राखिएको छ भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, सिनामङ्गलमा सामूहिक दुर्घटना वाहन (Mass-casualty vehicle) राखिएको छ।
- फोरेंसिक सेवा: फेला परेका मृतकका शव तथा अवशेषहरूको परीक्षण र पहिचानमा सहयोग पुऱ्याउन १२ जना जनशक्ति सम्मिलित ४ वटा फोरेंसिक टोलीहरू क्षेत्रमा निरन्तर खटिएका छन्।
- रोग निगरानी: पछिल्लो २४ घण्टामा ३ वटा नयाँ बिरामी रिपोर्ट भएका छन्: १ जना ज्वरोको, १ जना खोकीसहितको ज्वरोको र १ जना कडा झाडापखाला (Acute Gastroenteritis) को बिरामी। यस अवधिमा डाबर आउने ज्वरो वा जनावरले टोकेको कुनै पनि बिरामी रिपोर्ट भएको छैन। प्रभावित क्षेत्रहरू तथा होल्डिङ सेन्टरहरूमा रोग निगरानी र जनस्वास्थ्य अनुसन्धान कार्य जारी छ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श: हालसम्म कुल १०,३८२ जनालाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको छ। पछिल्लो २४ घण्टामा रसुवा, नुवाकोट, धादिङ, काठमाडौँ र भरतपुर गरी कुल ५२४ जनालाई यो सेवा प्रदान गरियो।
- होल्डिङ सेन्टरमा स्वास्थ्य सेवा: पछिल्लो २४ घण्टामा होल्डिङ सेन्टरहरूमा ७७६ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ: रसुवामा १४८, नुवाकोटमा ३२९, धादिङमा २३५ र काठमाडौँमा ६४ जना।
- प्रजनन् स्वास्थ्य तथा पोषण: रसुवा र नुवाकोटका प्रभावित क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरूसँग टेलिफोनमार्फत पुनरावलोकन (Follow-up) कार्य गरिएको छ। आवश्यकता अनुसार परामर्शका साथै काठमाडौँका अस्पतालहरूसँग प्रेषण (Referral) समन्वय गरिएको छ। रसुवा, नुवाकोट र धादिङमा पोषण क्लस्टरका बैठकहरू बसी प्रतिकार्य योजनाहरू तयार पारिएका छन्। रसुवामा पोषण लेखाजोखा सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ भने बहिर्गमन प्रवर्धन उपचार केन्द्रहरू (Outpatient Therapeutic Centers) को लेखाजोखा कार्य जारी छ।
- औषधि तथा स्वास्थ्य सामग्री: गण्डकी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई ११,८८,००० थान क्लोरिन ट्याब्लेट, १०,००० थान औलो (Malaria) द्रुत निदान किट, २,००० थान डेंगी द्रुत निदान किटका साथै स्लाइन (Intravenous fluids) र अन्य सामग्रीहरू उपलब्ध गराइएको छ। बाढी प्रभावित ज्येष्ठ नागरिकहरूका लागि 'नेपाल सिनियर केयर' लाई औषधि तथा स्वास्थ्य सामग्री प्रदान गरिएको छ। हाल भण्डारणमा करिब २८० प्रकारका औषधि तथा स्वास्थ्य सामग्रीहरू मौज्दात रहेका छन्।

## स्वास्थ्य संस्थाहरूमा उपचाररत घाइतेहरूको विवरण

| स्वास्थ्य संस्थाको नाम | जम्मा | उपचाररत | रेफर गरिएको | डिस्चार्ज भएको | मृत्यु |
|---|---|---|---|---|---|
| १. रसुवा जिल्ला अस्पताल, धुन्चे | ८१ | - | २७ | ५३ | १ |
| २. त्रिशूली अस्पताल, बिदुर, नुवाकोट | १८ | - | १ | १६ | १ |
| ३. आयुर्वेदिक अस्पताल, पिपलटार, नुवाकोट | २० | - | - | २० | - |
| ४. राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध | ५१ | ३ | १ | ४६ | १ |
| ५. श्री वीरेन्द्र अस्पताल, छाउनी | ४ | १ | - | ३ | - |
| ६. टिचिङ अस्पताल (TUTH), काठमाडौं | ८३ | ८ | १ | ७३ | १ |
| ७. NAMS/वीर अस्पताल, महाबौद्ध | २७ | - | १ | २६ | - |
| ८. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर | ३ | २ | - | १ | - |
| ९. परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली | २४ | ४ | - | २० | - |
| १०. नेपाल एपीएफ अस्पताल, बलम्बु | ८ | - | - | ८ | - |
| ११. मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल, स्वयम्भू | ३ | - | - | ३ | - |
| १२. नर्भिक इन्टरनेशनल अस्पताल, थापाथली | ३ | - | - | ३ | - |
| १३. शुभम इन्टरनेशनल अस्पताल, मनमैजु | ३ | - | - | ३ | - |
| १४. ग्रीनसिटी अस्पताल, टोखा | ४ | - | १ | ३ | - |
| १५. ह्याम्स अस्पताल, धुम्बाराही | १ | - | - | १ | - |
| १६. चिरायु राष्ट्रिय अस्पताल | ४ | - | - | ४ | - |
| १७. ग्रान्डे इन्टरनेशनल अस्पताल, टोखा | ३ | - | - | ३ | - |
| १८. बी एण्ड बी, ग्वार्को | ३ | १ | - | २ | - |
| १९. धादिङ अस्पताल प्रा. लि., आदमघाट, गजुरी | १ | - | - | १ | - |

- एचआइभी (HIV) सेवा: नुवाकोटमा २०७ जना एचआइभी सङ्क्रमित व्यक्तिहरूको नियमित अनुगमन (Follow-up) गरिएको छ। नुवाकोटका ३० जना र धादिङका २० जना एचआइभी सङ्क्रमित व्यक्तिहरूलाई खाद्यान्न तथा गैर-खाद्यान्न राहत सामग्री वितरण गरिएको छ। चितवनमा विस्थापित भएका लक्षित समूह (Key populations) र तिनका परिवारहरूलाई राहत तथा पोषण सहयोग प्रदान गरिएको छ।
- खाद्य सुरक्षा: राहत सङ्कलन केन्द्रहरूमार्फत सङ्कलन तथा वितरण गरिएका खाद्यान्नको निरीक्षण गर्न र ती केन्द्रहरू व्यवस्थापन गर्ने निकायहरूसँग खाद्य सुरक्षा अनुगमनमा समन्वय गर्न जनशक्ति खटाइएको छ।

## खाद्य सुरक्षा विषयगत क्षेत्र

- धादिङ, नुवाकोट र रसुवाका ३,५८४ घरधुरीका १५,६६२ जनालाई कुल १२८.४५ मेट्रिक टन खाद्यान्न वितरण गरिएको छ, जुन १५ दिनका लागि पर्याप्त रहेको छ। खाद्यान्न वितरण जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय सरकारसँगको समन्वयमा गरिएको छ।
- तीन जिल्लामा खाद्यान्न ढुवानीको सञ्चित मात्रा १५९.९ मेट्रिक टन पुगेको छ, जसमा सडक पहुँच नभएका क्षेत्रमा हेलिकप्टरमार्फत पुर्‍याइएको ५७.४ मेट्रिक टन खाद्यान्नसमेत समावेश रहेको छ।
- बाढी प्रभावित तथा जोखिममा रहेका थप ७०० घरधुरीलाई आकस्मिक खाद्य सहायता प्रदान गरिएको छ, जसमा रसुवाका ३००, नुवाकोटका २५० र धादिङका १५० घरधुरी रहेका छन्। रसुवा, नुवाकोट, धादिङ र तनहुँमा पशु चिकित्सा औषधि तथा कीटाणुनाशक सामग्री पनि उपलब्ध गराइएको छ।
- नुवाकोटको बेलकोटगढी नगरपालिका-७ का लागि २१५ वटा खाद्य बास्केट वितरण गरिएको छ, जसमा चामल, दाल, तेल र नुन समावेश छन् र ती ३० दिनका लागि पर्याप्त छन्।
- १५ सेप्टेम्बरमा उत्तरगया-३ मा पाँचवटा तयार-खान मिल्ने खाद्य किट वितरण गरिएको छ। सोही वडामा थप पाँचवटा पकाउनका लागि तयार खाद्य प्याकेज पनि वितरण गरिएको छ।

- कृषि, वन तथा पर्यावरण मन्त्रालयले घरधुरीको आवश्यकता, कृषि क्षेत्रमा भएको क्षति तथा जीविकोपार्जनमा परेको प्रभाव पहिचान गरी प्रारम्भिक पुनर्लाभ सहायता निर्देशित गर्न द्रुत खाद्य सुरक्षा तथा जीविकोपार्जन मूल्याङ्कनको तयारी गरिरहेको छ।
- १५ र १६ सेप्टेम्बरमा उत्तरगया गाउँपालिकाका वडा नं. ४ र ५ का प्रभावित परिवारलाई थप ७० सेट भान्साका भाँडाकुँडा वितरण गरिएको छ।
- क्षतिग्रस्त सडक तथा बढ्दो ढुवानी लागतका कारण दुर्गम समुदायमा खाद्यान्न आपूर्ति गर्न अझै कठिनाइ भइरहेको छ। रसुवास्थित सामुदायिक भान्सामा खाना पकाउने ग्यासका सिलिन्डरको समेत अभाव रहेको छ।

## आवश्यकता र प्राथमिकताहरू

- खोज तथा शव उत्खनन्: दुर्गम तथा पहुँचविहीन स्थानहरूका लागि हेभी इक्विपमेन्ट र ढुवानी सहयोग उपलब्ध गराउने, सुरुङको पानी निकास तथा भग्नावशेष हटाउने कार्यलाई निरन्तरता दिने र मृतकका शव तथा अवशेषहरूको सुरक्षित उत्खनन् एवं पहिचानमा सहयोग पुऱ्याउने।
- होल्डिङ सेन्टर टु अस्थायी आवासको अवधारणा अनुसार लाभग्राही पहिचान, कायम, सुरक्षित जग्गाको पहिचान, अस्थायी आवास निर्माण तथा व्यवस्थित बसोबास र जीविकोपार्जनका कार्यहरु तीन तहको सरकारबीच समन्वय र सहकार्यमा अघि बढाउने।
- सडक तथा पुल: बाँकी रहेका सडक पुनःस्थापना र पुल निर्माणका कार्यहरू सम्पन्न गर्ने, वैकल्पिक मार्गहरूलाई सुचारु राख्ने र अलग्गिएका समुदायहरूमा पहुँच पुनःस्थापित गर्न तुईन र झोलुङ्गे पुलहरूको निर्माण/मर्मत कार्यलाई प्राथमिकताका साथ अघि बढाउने।
- विद्युत तथा दूरसञ्चार: सेवाविहीन रहेका घरधुरी र दूरसञ्चार साइटहरूमा विद्युत तथा सञ्चार सेवा पुनःस्थापना गर्ने। इन्धन, उपकरण र प्राविधिक जनशक्तिको ढुवानीको व्यवस्था मिलाउने र सेवा पुनःस्थापनामा धेरै समय लाग्ने स्थानहरूमा वैकल्पिक ऊर्जा प्रणालीहरू उपलब्ध गराउने।
- शिक्षा तथा अस्थायी आवास: अस्थायी आवास तथा शिक्षण केन्द्रहरूका लागि उपयुक्त स्थानहरूको पहिचान गर्ने। विस्थापित परिवारहरूका लागि सहयोग जारी राख्दै नियमित पठनपाठन सुचारु गर्न विद्यालयहरूमा रहेका आश्रयस्थलहरूलाई स्थानान्तरण गर्ने।
- स्वास्थ्य तथा संरक्षण: होल्डिङ सेन्टरहरूमा खोप अभियान, औषधि आपूर्ति, रोग निगरानी र स्वास्थ्य सेवालाई निरन्तरता दिने। बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिँदै मनोसामाजिक परामर्श, पोषण लेखाजोखा, र गर्भवती तथा सुत्केरी महिलाहरूका लागि पुनरावलोकन (Follow-up) स्याहार कार्यलाई जारी राख्ने।
- खाद्य सुरक्षा तथा जीविकोपार्जन: दुर्गम समुदायहरूमा खाद्यान्न ढुवानीलाई निरन्तरता दिने तथा ढुवानीका जटिलता र सामुदायिक भान्साहरूमा खाना पकाउने ग्यासको अभावलाई सम्बोधन गर्ने। कृषि कार्य पुनः सुचारु गर्नका लागि पशु चिकित्सा, पशु आहार र गोठ/आश्रयको व्यवस्थाका साथै कृषि सामग्रीहरू उपलब्ध गराउने।

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**
सिंहदरबार, काठमाडौं

पोष्ट बक्स नं. २१३२१३
NEOC टोल फ्री: १२३४
टेलिफोनः ०१-४२११५३५, ०१-४२११११७, ०१-१४२११४६७
इमेल: info@bipad.gov.np, ndrrma@gmail.com
वेब लिङ्क: www.ndrrma.gov.np